आज मिति २०८३।०३।२६ गते शुक्रबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८२।८३ को सोह्रौँ बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रबक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | बबिता |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

## आर्थिक वर्ष २०८२।८३ को सोह्रौं कार्यपालिका बैठकका निर्णयहरु

(मितिः २०८३।०३।२६ गते)

**प्रस्तावहरुः**

१. करार कर्मचारीको म्याद थप सम्बन्धमा।

२. माध्यमिक र आधारभूत तहमा शिक्षण सिकाई अनुदानतर्फको कोटा निर्धारण सम्बन्धमा।

३. विषय परिवर्तन गरी शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा।

४. आय ठेक्का व्यवस्थापन सम्बन्धमा।

५. स्थानीय तहको पुनर्संरचनाको सम्बन्धी छलफल सम्बन्धमा।

६. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा।

७. ठेक्काको म्याद थप सम्बन्धमा।

८. विविध सम्बन्धमा।

**निर्णयहरुः**

१. यस नगरपालिका अन्तरगत नगरकार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था तथा विभिन्न कार्यक्रम अन्तरगत कार्यरत करार कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक देखिएको र तत्काल काममा खटाई सेवा लिनुपर्ने देखिएकोले अनुसूची-१ बमोजिम हुने गरी करार कर्मचारीहरुको करार अवधि मिति २०८३/०४/०१ देखि लागू हुने गरी ६ महिनाको लागि थप गर्ने।

२. आर्थिक वर्ष २०८३/८४ का लागि नगरपालिकामा प्राप्त भएको संघीय शिक्षण सहायता अनुदान तर्फको कोटा वितरण सम्बन्धमा छलफल भयो। सो सम्बन्धमा नगरपालिकाले हालै गरेको विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनका कारण साबिकमा कोटा प्राप्त गरेका विद्यालयलाई पुनः शिक्षण कोटा वितरण गर्न नमिल्ने देखिएकोले त्यस्ता विद्यालयको हकमा सो कोटा हटाइएको जानकारी गराई नियमानुसार थप गर्न सकिने विद्यालयहरुको हकमा अनुसूची-२ मा उल्लेख गरे बमोजिम हुने गरी कोटा निर्धारण गर्ने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

३. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा 'ज' मा व्यवस्था भएअनुसार सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने गरी बेनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/१२/२७ गतेको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी निर्णय अनुसार श्री बालप्रिय शारदा आधारभूत विद्यालय, बे.न.पा. ३ लाई निम्नमाध्यमिक तह तृतीय श्रेणीको सामाजिक विषयको रिक्त दरबन्दी व्यवस्थापन गरिएकोमा विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/२६ गतेको निर्णय बमोजिम उक्त समाजिक विषयलाई विषय परिवर्तन गरी अङ्ग्रेजी विषयको अनुमतिका लागि माग भई आएको र उक्त विषयमा अध्ययन गर्दा सो विद्यालयमा आधारभूत तह (१-८) मा १ मात्र शिक्षक दरबन्दी व्यवस्थापन भएकोमा अङ्ग्रेजी विषयको आवश्यकता देखिएकोले निम्नमाध्यमिक तह तृतीय श्रेणीको समाजिक विषयलाई निम्नमाध्यमिक तह तृतीय श्रेणीको अङ्ग्रेजी विषयमा परिवर्तन गरी अङ्ग्रेजी विषयमा शिक्षक व्यवस्थापनका लागि विद्यालयलाई अनुमति दिने।

४. आर्थिक वर्ष २०८३/८४ का लागि ठेक्का व्यवस्थापन मार्फत आय संकलन गर्नका लागि बेनी नगरपालिकाको आर्थिक ऐन, २०८३, तथा विगतका वर्षमा आय ठेक्का सम्बन्धमा नगरपालिकाले गरेको अभ्यास समेतका आधारमा देहायबमोजिमका ठेक्काको सूचना देहाय बमोजिम हुने गरी प्रकाशन गरी आय ठेक्का व्यवस्थापन गर्ने। साथै, नगरपालिकाले आव्हान गरेको ठेक्का सूचना अनुसार एउटा मात्रै फर्मले रीतपूर्वक दरभाउपत्र पेश गरेको र त्यस्तो दरभाउपत्र नगरपालिकाले तोकेको न्यूनतम ठेक्का कबोल अङ्क वा सो भन्दा माथि रहेको पाइएमा सो ठेक्का स्वीकृत गर्ने र दरभाउपत्रदातासँग आय ठेक्का सम्झौता गरी राजस्व संकलन प्रक्रिया अगाडी बढाउने। स्वीकृत दरभाउपत्रदातासँग आय ठेक्का सम्झौता गर्दा सम्भव भएसम्म नगरपालिकालाई बुझाउनुपर्ने सबै रकम नगदमा बुझाउने गरी ठेक्का सम्झौता गर्ने तथा सो नभएमा पचास प्रतिशतले हुन आउने रकम अग्रीम रुपमा नगदै लिने र बाँकी पचास प्रतिशत रकमको बैंक ग्यारेण्टी लिई ठेक्का सम्झौता गर्ने।

| क्र.स. | आय संकलन हुने शिर्षक | संकलन विधि | सूचना अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | पार्किङ शुल्क संकलन | शिलबन्दी दरभाउपत्र विधि (भौतिक उपस्थिति र हार्ड कपी) | ७ दिन | ठेक्का सम्झौता नहुन्जेलसम्मको अवधिको लागि नगरपालिका स्वयंले ज्यालादारीमा जनशक्ति परिचालन गरी पार्किङ शुल्क संकलन गर्ने। |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| २. | कबाडी कर संकलन | शिलबन्दी दरभाउपत्र विधि (भौतिक उपस्थिति र हार्ड कपी) | ७ दिन | |
| ३. | विज्ञापन कर संकलन | शिलबन्दी दरभाउपत्र (विद्युतीय खरिद प्रणालीको पोर्टल प्रयोग गरी) | ७ दिन | |

५. जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीको च.नं. २५७ मिति २०८३/३/२३ को स्थानीय तहको भौगोलिक क्षेत्र पुनरावलोकनको सम्बन्धमा अध्यननका लागि लेखी पठाएको पत्र उपर छलफल भयो। सो सम्बन्धमा स्थानीय तहको भौगोलिक क्षेत्र पुनरावलोकन सम्बन्धी छलफल तथा बहसलाई प्रत्येक वडाको टोल टोलमा पुर्याई नागरिकको भावना बुझ्न र सुझाव संकलन गर्न मिति २०८३ श्रावण २५ गते सम्मको अवधि निर्धारण गरी वडामा पत्राचार गर्ने।

६. बेनी नगरपालिका अन्तरगत स्थानीय सेवाका विभिन्न समूह तथा उपसमूहका प्रशासनिक तथा प्राविधिक पदहरु गण्डकी प्रदेशको प्रदेश किताबखानामा दर्ता गर्नुपर्ने तथा नगरपालिकाको विद्यमान दरबन्दी संरचनामा थपघट तथा पुनरावलोकन समेत गर्नुपर्ने देखिएकोले नेपाल सरकारबाट जारी भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८३ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि स्वीकृती प्रदान गर्ने।

७. Construction of Library Building of District Police Office योजना ठेक्का नं. BM/SQ/RE/W/B/04/2082/083 मा छोटो समयसीमा सहितको ठेक्का सम्झौता भएकोमा समय अभावका कारण निर्माण कार्य सम्पन्न हुन नसकी ठेक्काको म्याद थप गर्नुपर्ने देखिएकोले मिति २०८३ असोज मसान्त सम्मको लागि म्याद थप गर्ने।

८. विविध विषयका सम्बन्धमा देहाय बमोजिम गर्ने।

क) नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि सेवा प्रदान गरिरहेको संस्थाको काम कारबाही सन्तोषजनक रहेको र सो सम्झौता २०८३ असार मसान्तमा समाप्त हुने हुँदा हाललाई आ.व. २०८२/८३ का लागि गरिएको सम्झौताका शर्त बमोजिम फोहोरमैला व्यवस्थापन गर्ने गरी हाललाई मिति २०८३ असोज मसान्त सम्मको लागि सम्झौताको म्याद थप गर्ने।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

ख) कस्तुरी सहकारी संस्था लिमिटेडको बचत फिर्ता सम्बन्धी निवेदन तथा सघन अनुगमन प्रतिवेदनका सम्बन्धमा बैठकमा छलफल भयो। अनुगमन प्रतिवेदनले संस्थाको थप अध्ययन गर्नुपर्ने देखाएकोले सोका लागि गण्डकी प्रदेश सरकार, सहकारी रजिष्ट्रार कार्यालयसँग समन्वय गर्ने तथा बचतकर्ताको तत्काल बचत फिर्ता गर्न संस्थालाई जिम्मेवार बनाउने।

ग) बेनी नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनले तोकेको क्षेत्राधिकार अन्तरगत नै रहेर कर लगाउने र उठाउने कार्य गरेकोले नेपाल सरकार वा प्रदेश सरकारका अन्य कुनै निकायमा सो व्यहोराको स्वघोषणा गरी पेश गर्ने गराउने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुसूची (१)

म्याद थप गर्नुपर्ने करार सेवाका कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारी नाम थर | पद | तह | कार्यालय | अघिल्लो आ.व.मा मासिक तलब (रु) | चालु आ.व.मा मासिक तलब रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आकृति ढुङ्गाना | कृषि अधिकृत | अधिकृतस्तर सातौं | बेनी नगर कार्यपालिकाको कार्यालय | ४५८५१ | ४५८५१।- ( संघीय सरकारबाट वृद्धि भई आएमा सोही बमोजिम हुने) | बेनी नगर कार्यपालिकाको कार्यालय |
| २ | खिम बहादुर क्षेत्री | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर सातौं | बेनी नगर कार्यपालिकाको कार्यालय | ४५८५१ | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ३ | बालकुमारी पुन | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं | बेनी नगर कार्यपालिकाको कार्यालय | ४५८५२ | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | |
| ४ | केशब शर्मा | न्यायिक सहजकर्ता | अधिकृतस्तर सातौं | बेनी नगर कार्यपालिकाको कार्यालय | ४५८५२ | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ५ | चित्रनाथ आचार्य | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | बेनी नगर कार्यपालिकाको कार्यालय | ४३६८९ | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | |
| ६ | सरोज विक्रम के.सी. | MIS Operator | सहायकस्तर पाँचौं | बेनी नगर कार्यपालिकाको कार्यालय | ३४७३० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ७ | गोबिन्द पौडेल | फिल्ड सहायक | सहायकस्तर चौथो | बेनी नगर कार्यपालिकाको कार्यालय | ३२९०२ | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ८ | सिता अर्मजा पुन | मेडपा सहजकर्ता | सहायकस्तर चौथो | बेनी नगर कार्यपालिकाको कार्यालय | ३२९०२ | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | |
| ९ | शंकर पौडेल | नगर प्रहरी प्रमुख | सहायकस्तर तृतीय | बेनी नगर कार्यपालिकाको कार्यालय | २७६१२ | ३०३७३.२ | |
| १० | टेक ब. खत्री | नगर प्रहरी जवान | सहायकस्तर द्वितीय | बेनी नगर कार्यपालिकाको कार्यालय | २६०८२ | २८६९०.२ | |
| ११ | शक्ति पौडेल | नगर प्रहरी जवान | सहायकस्तर द्वितीय | बेनी नगर कार्यपालिकाको कार्यालय | २६०८२ | २८६९०.२ | |
| १२ | सीमा पौडेल | नगर प्रहरी जवान | सहायकस्तर द्वितीय | बेनी नगर कार्यपालिकाको कार्यालय | २६०८२ | २८६९०.२ | |
| १३ | नारायण गर्बुजा | दमकल चालक | सहायक दोस्रो | बेनी नगर कार्यपालिकाको कार्यालय | २९७२८ | ३२७००.८ | |
| १४ | खोमनाथ रिजाल | सवारी चालक | सहायक दोस्रो | बेनी नगर कार्यपालिकाको कार्यालय | २७६१२ | ३०३७३.२ | |
| १५ | राजकुमार शाही | सवारी चालक | सहायक दोस्रो | बेनी नगर कार्यपालिकाको कार्यालय | २७६१२ | ३०३७३.२ | |
| १६ | याम प्रसाद पौडेल | कार्यालय सहयोगी | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | २४७०२ | २७१७२.२ | |
| १७ | सीता केसी बानियाँ | कार्यालय सहयोगी | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | २४७०२ | २७१७२.२ | |
| १८ | कौशिला देवी घर्ती क्षेत्री | कार्यालय सहयोगी | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | २४७०२ | २७१७२.२ | |
| १९ | लक्ष्मण क्षेत्री | कार्यालय सहयोगी | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | २४७०२ | २७१७२.२ | |
| २० | रसिला बैरागी शर्मा | कार्यालय सहयोगी | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | २४७०२ | २७१७२.२ | |
| २१ | चक्र बहादुर बानियाँ | कार्यालय सहयोगी | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | २४७०२ | २७१७२.२ | |
| २२ | पुस्कल के.सी. | कार्यालय सहयोगी | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | २४७०२ | २७१७२.२ | |
| २३ | जुना दमै | कास (सरसफाई) | सहायक प्रथम | बेनी नगर कार्यपालिकाको कार्यालय | १५००० | १६५००.० | |
| २४ | सम्झना छन्त्याल पुन | सामाजिक परिचालक | | १ नं. वडा कार्यालय | १८००० | न.पा.को साझेदारीमा १०% वृद्धि | |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
म्याग्दी
प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | गंगा थापा | कार्यालय सहयोगी | सहायक प्रथम | १ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | वडा कार्यालय तर्फ |
| २६ | सूर्यलाल नेपाली | पशु प्राविधिक | सहायकस्तर पाँचौं | २ नं. वडा कार्यालय | ३४७३० | ३८२०३ | |
| २७ | उमा रिजाल शर्मा | सामाजिक परिचालक | | २ नं. वडा कार्यालय | १८००० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| २८ | सन्तु कुमारी घिमिरे | कार्यालय सहयोगी | सहायक प्रथम | २ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| २९ | पृथी पुन | कार्यालय सहयोगी | सहायक प्रथम | ३ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ३० | सिता कुँवर थापा | सामाजिक परिचालक | | ४ नं. वडा कार्यालय | १८००० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ३१ | पार्वती घर्ती मगर | कार्यालय सहयोगी | सहायक प्रथम | ४ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ३२ | पुजा खत्री | सामाजिक परिचालक | | ५ नं. वडा कार्यालय | १८००० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ३३ | हिरा जि.सि. बानियाँ | सामाजिक परिचालक (गरिबसँग विश्वेश्वर) | | ५ नं. वडा कार्यालय | १५००० | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | |
| ३४ | सोनिया भण्डारी खत्री | कार्यालय सहयोगी | सहायक प्रथम | ५ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ३५ | पदमा गौतम | सामाजिक परिचालक | | ६ नं. वडा कार्यालय | १८००० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ३६ | पुस्कल खत्री | कार्यालय सहयोगी | सहायक प्रथम | ६ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ३७ | प्रकाश पुन | कार्यालय सहयोगी | सहायक प्रथम | ७ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ३८ | एलिना शाही | कार्यालय सहयोगी | सहायक प्रथम | ८ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ३९ | याम कुमारी के.सी. चोखाल | सामाजिक परिचालक | | ९ नं. वडा कार्यालय | १८००० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ४० | पशुपती के.सी. कार्की | कार्यालय सहयोगी | सहायक प्रथम | ९ नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ४१ | गीता रकाल मल्ल | सामाजिक परिचालक | | १० नं. वडा कार्यालय | १८००० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ४२ | यु बहादुर पुन | कार्यालय सहयोगी | सहायक प्रथम | १० नं. वडा कार्यालय | २४७०२ | २७१७२.२ | |
| ४३ | चन्द्रप्रभा भण्डारी | विद्यालय नर्स | सहायकस्तर पाँचौं | प्रकाश मावि | ३४७३० | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | स्वास्थ्य संस्था तर्फ (विद्यालय समेत) |
| ४४ | दुर्गा थापा | विद्यालय नर्स | सहायकस्तर पाँचौं | बेनी सामुदायिक मावि | ३४७३० | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | |
| ४५ | पुनम थापा मगर | विद्यालय नर्स | सहायकस्तर पाँचौं | अर्जुन मावि | ३४७३० | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | |
| ४६ | भिम कुमारी खडका | अहेब | सहायकस्तर चौथो | थाकनपोखरी सामुदायिक स्वास्थ्य केन्द्र | २५००० | ३०००० | |
| ४७ | ससिना पुर्जा | अनमी | सहायकस्तर चौथो | सिंगा सामुदायिक स्वास्थ्य केन्द्र | ३२९०२ | ३०००० | |
| ४८ | टकदेवी शेरपुङ्गा | अनमी | सहायकस्तर चौथो | पात्लेखेत स्वास्थ्य चौकी | ३२९०२ | ३६१९२.२ | |
| ४९ | निस्मा भण्डारी | अहेब | सहायकस्तर चौथो | डडुवा सांमुदायिक स्वास्थ्य केन्द्र | २५००० | ३०००० | |
| ५० | दिलमाया कैनी | अहेब | सहायकस्तर चौथो | तोरीपानी सामुदायिक स्वास्थ्य केन्द्र | २५००० | ३०००० | |
| ५१ | अस्मिता क्षेत्री | अनमी | सहायकस्तर चौथो | सेतोढुङ्गा सामुदायिक स्वास्थ्य केन्द्र | २५००० | ३०००० | |
| ५२ | एलिना पुन | अनमी | सहायकस्तर चौथो | ज्यामरुककोट स्वास्थ्य चौकी | २५००० | ३०००० | |
| ५३ | सनम अर्मजा पाइजा | अनमी | सहायकस्तर चौथो | सिंगा स्वास्थ्य चौकी | २५००० | ३०००० | |
| ५४ | प्रतिमा पौडेल | अनमी | सहायकस्तर चौथो | मंगलघाट सामुदायिक स्वास्थ्य केन्द्र | २५००० | ३०००० | |
| ५५ | टिका कुमारी शर्मा सापकोटा | कार्यालय सहयोगी | सहायक प्रथम | ज्यामरुककोट स्वास्थ्य चौकी | १५००० | [illegible] | |

सुरत के.सी.
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५६ | सीता हमाल | कार्यालय सहयोगी | सहायक प्रथम | पुलाचौर स्वास्थ्य चौकी | १५००० | १६५०० | |
| ५७ | कल्पना थापा मगर | कार्यालय सहयोगी | सहायक प्रथम | रत्नेचौर स्वास्थ्य चौकी | १५००० | १६५०० | |
| ५८ | सुश्मा खत्री | कार्यालय सहयोगी | सहायक प्रथम | सिंगा स्वास्थ्य चौकी | १५००० | १६५०० | |
| ५९ | मोतिमाया घर्ती मगर | कार्यालय सहयोगी | सहायक प्रथम | भकिम्ली स्वास्थ्य चौकी | १५००० | १६५०० | |
| ६० | साधना के.सी. | केन्द्र प्रमुख | | अल्पकालिन सेवा केन्द्र | २७५०० | २७५०० | |
| ६१ | सुमित्रा बि.क. | कार्यालय सहयोगी | | अल्पकालिन सेवा केन्द्र | २२००० | २२००० | |
| ६२ | प्रमिला पौडेल भट्टराई | सूचना तथा परामर्शकर्ता | सहायकस्तर पाँचौं | सामी | ३४७३० | कार्यक्रम अनुसार हुने, बेनी न.पा.ले थप गर्नु नपर्ने | सामी |
| ६३ | दया सुवेदी | मनोसामाजिक परामर्शकर्ता | सहायकस्तर पाँचौं | सामी | ३४७३० | न.पा.को साझेदारीमा १०% वृद्धि | |
| ६४ | रतन खत्री | कार्यालय सहयोगी (ज्याला) | | सामी | २००० | २००० | |
| ६५ | आशिष चर्माकार | इन्चार्ज | | कालिपुल बसपार्क, बेनी | २०००० | २०००० | कालिपुल बसपार्क |
| ६६ | पेमथि शेर्पा | सरसफाई कर्मचारी | | कालिपुल बसपार्क, बेनी | १५००० | १५००० | |
| ६७ | निर्मला परियार | सरसफाई कर्मचारी | | कालिपुल बसपार्क, बेनी | १५००० | १५००० | |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी
गण्डकी प्रदेश, नेपाल

अनुसूची-२

**माध्यमिक तह संघीय शिक्षण सहायता अनुदान कोटा वितरण आ.व. २०८३/०८४**

| | | आ.व. २०८२/८३ अनुसार भएको | | | | आ.व. २०८३/८४ अनुसार हुनुपर्ने | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.श | विद्यालयको नाम | अङ्ग्रेजी | विज्ञान | गणित | कैफियत | अंग्रेजी | विज्ञान | गणित | जम्मा |
| १ | रामचन्द्र माध्यमिक विद्यालय बे.न.पा -१ | १ | ० | १ | यथावत | १ | ० | १ | २ |
| २ | श्री सरस्वति माध्यमिक विद्यालय बे.न.पा - ४ | १ | १ | १ | स्थायी दरबन्दी १ थप भएको, कोटा एक घटाउन पर्ने | १ | १ | ० | २ |
| ३ | बालमन्दिर माध्यमिक विद्यालय बे.न.पा. -८ | १ | १ | ० | २ स्थायी राहत दरबन्दी थप भएकाले १ घटाउन पर्ने (एक गणित र १ सामाजिक गरि २ थप भएको) | ० | १ | ० | १ |
| ४ | राष्ट्रिय माध्यमिक विद्यालय बे.न.पा -९ | ० | १ | १ | यथावत | ० | १ | १ | २ |
| ५ | दिपक माध्यमिक विद्यालय बे.न.पा. -१० | १ | १ | १ | १ स्थायी दरबन्दी व्यवस्थापन भएकोले १ कोटा घटाउनुपर्ने | १ | ० | १ | २ |
| | | | | | जम्मा | ३ | ३ | ३ | ९ |
| | **जम्मा दरबन्दी** | | १२ | | | | | | |

**आधारभूत तह संघीय शिक्षण सहायता अनुदान कोटा वितरण आ.व २०८३/०८४**

| | | आ.व. २०८२/८३ अनुसार भएको | | | | आ.व. २०८३/८४ अनुसार हुनुपर्ने | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.श | विद्यालयको नाम | अङ्ग्रेजी | विज्ञान | गणित | कैफियत | अंग्रेजी | विज्ञान | गणित | जम्मा |
| १ | श्री सरस्वती आधारभूत विद्यालय बे.न.पा -२ | ० | १ | ० | २ अङ्ग्रेजी दरबन्दी थप भएकाले हटाउनुपर्ने | ० | ० | ० | ० |
| २ | श्री बालाप्रिय आधारभूत विद्यालय बे.न.पा-३ | १ | ० | ० | १ सामाजिक स्थायी दरबन्दी व्यवस्थापन भएकाले हटाउनुपर्ने | ० | ० | ० | ० |
| ३ | श्री मुसुङडोले आधारभूत विद्यालय बे.न.पा-३ | ० | ० | १ | १ अङ्ग्रेजी स्थायी दरबन्दी व्यवस्थापन भएकाले हटाउनुपर्ने | ० | ० | ० | ० |
| ४ | श्री सरस्वति माध्यमिक विद्यालय बे.न.पा - ४ | ० | ० | १ | यथावत | ० | ० | १ | |
| ५ | बालमन्दिर आधारभूत विद्यालय ब.न.पा - ४ | ० | ० | १ | १ गणित स्थायी दरबन्दी व्यवस्थापन भएकाले हटाउनुपर्ने | ० | ० | ० | ० |
| ६ | जडभरत शालाग्राम मा.वि बे.न.पा -९ | १ | ० | ० | स्थायी दरबन्दी व्यवस्था नभएमा १ सअनुदान कोटालाई निरन्तरता दिनुपर्ने | ० | ० | ० | ० |
| ७ | विद्योदय आधारभूत विद्यालय- १० | १ | | | १ अङ्ग्रेजी स्थायी दरबन्दी व्यवस्थापन भएकाले हटाउनुपर्ने | ० | ० | ० | ० |
| | | | | | जम्मा | ० | | १ | १ |
| | **जम्मा दरबन्दी** | | ७ | | | | | | |

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३